# घोराही उप-महानगरपालिका

## दोश्रो नगरसभाको पहिलो अधिवेशन

# आ.व. २०७९/०८०का लागि

# बजेट वक्तव्य

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## घोराही उपमहानगरपालिकाको दोश्रो नगरसभाको पहिलो अधिवेशन समक्ष नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी. ज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७९८० को बजेट वक्तव्य

**नगरसभाका अध्यक्ष महोदय,**

१. सङ्घियताको अभ्याससंगै स्थानीय सरकारको पहिलो कार्यकाल पूरा भई स्थानीय तहको निर्वाचन पश्चात दोश्रो कार्यकालको रुपमा घोराही उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

२. यस अवसरमा समाजको आमुल परिवर्तन र सङ्घिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना सम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्त्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु। मुलुकको राजनीतिलाई सङ्घीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु।

३. नगर स्थापनादेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्त्व गर्नुहुने अग्रज ब्यक्तित्वहरुले नगर निर्माणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु।

**नगरसभाका अध्यक्ष महोदय,**

४. स्थानीय तहको पहिलो निर्वाचन पश्चातको ५ वर्षे अवधीमा हामीले पूर्वाधार विकास, आर्थिक सामाजिक विकास एवं आर्थिक क्रियाकलापमा बढोत्तरी, सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेका छौं। यस अवधीमा सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि ८६ वटा कानून निर्माण भएका छन।कानून निर्माणको यस उपलब्धीले विकास निर्माण तथा सेवा प्रवाहका लागि आधार तय भएको छ। केन्द्रसंग जोडिने मुख्य सडकहरुको दिगोपना, ग्रामिण कृषि सडकहरुको स्तरोन्नती, खानेपानी, सिंचाई,पुल कल्भर्ट जस्ता पूर्वाधारहरुको नियमित निर्माण एवं मर्मतबाट दुर दराजका ग्रामिण बस्तीहरु केन्द्रसंग जोडिन गई आर्थिक क्रियाकलापहरु चलायमान भएका छन् ।

५. कृषकहरुलाई मुल बिउँ, उन्नत बिउँ एवं कृषि यान्त्रिकरणमा अनुदान, पशु व्यवसायमा नश्ल सुधार एवं अनुदान लगायतका कृषक अभिप्रेरित कार्यक्रमले कृषि पेशालाई आकर्षित एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न मद्दत पुगेको छ।

६. पूर्ण सरसफाई अभियान, खरको छानो मुक्त अभियान, महिला, बालबालिका, जेष्ठ नागरिकका लागि लक्षित कार्यक्रम, बञ्चितीमा परेका वर्ग, क्षेत्र, समूहहरुको उत्थानका कार्यक्रमहरु, स्थानीय स्तरमै न्यायिक निरुपण लगायतका कार्यक्रम एवं नीतिगत व्यवस्थाले पनि स्थानीय तह प्रति नागरिकको बिश्वास र भरोसा बढेको अनुभूति गरेको छु।

७. बालमैत्री सूचकहरुलाई नियमित प्राप्त गर्ने गरी नीति, कार्यक्रम तय एवं कार्यान्वयन गर्दै बालमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइएको कारणले उपमहानगरपालिकाहरु मध्ये घोराही उपमहानगरपालिकालाई नेपालको पहिलो बालमैत्री उपमहानगरपालिका घोषणा गर्न हामी सफल भएका छौं। शैक्षिक सुधारका लागि दरबन्दी मिलान अनुरुप शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण एवं मर्मत, एक वडा एक स्वास्थ्य संस्थाको नीति, सोही अनुरुपको जनशक्ति परिचालन एवं पूर्वाधार निर्माण, बेरोजगार ब्यक्तिहरुको सूचिकरण एवं न्यूनतम १०० दिनको रोजगारको ग्यारेन्टी, समाजमा हुने सानातिना विवादित मुद्दाहरुको स्थानीय स्तरबाटै निरुपण,स्थानीय कला संस्कृतीको संरक्षण, नियमित बजार अनुगमन, सीप विकास तालिम एवं उद्यम प्रवर्द्धन, सहकारी संस्थाको क्षमता अभिवृद्धि एवं प्रवर्द्धन, सुकुम्बासी समस्या समाधानका लागि क्रियाशिलता, कल्याणकारी राज्यको अवधारणा अनुरुप सामजिक सुरक्षाका कार्यक्रमहरुको सफल कार्यान्वयन एवं सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोगबाट **"नागरिकसंगै सरकार"**को अनुभूति दिलाउन सकिएको छ।

**नगरसभाका अध्यक्ष महोदय़**

अब म चालु आर्थिक वर्षको ११(एघार) महिनाको बजेट कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत चालु तर्फ बिनियोजित बजेट ६४ करोड ७९ लाख ८० हजार मध्ये ६७.९८ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ बिनियोजित बजेट १२ करोड २४ लाख मध्ये १७.१८ प्रतिशत खर्च भएको छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ५९.९१ प्रतिशत रहेको छ।

९. प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत चालु तर्फ बिनियोजित बजेट ९५ लाख ४४ हजार मध्ये २६.०५ प्रतिशत र पूँजिगत तर्फ बिनियोजित बजेट ८ करोड ९४ लाख मध्ये २९.०४ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च २९.०६ प्रतिशत रहेको छ।

१०. आन्तरिक बजेटबाट चालु तर्फ बिनियोजित बजेट रु. ५० करोड ९७ लाख ५ हजार ३४ मध्ये ७०.३ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ बिनियोजित बजेट ९१ करोड ३६ लाख २८ हजार ९ सय ६६ मध्ये ४४.६८ प्रतिशत खर्च भएको छ। आन्तरिक बजेट तर्फको औसत खर्च ५३.८५ प्रतिशत रहेको छ।

११. संघ, प्रदेश र घोराही उपमहानगरपालिकाको आन्तरिक बजेट समेत कुल बजेटबाट चालु तर्फ बिनियोजित बजेट मध्ये ६८.६५ प्रतिशत खर्च भएको छ भने पूँजिगत तर्फ ४०.५१ प्रतिशत खर्च भएको छ। कुल बजेटको औसत खर्च ५४.८६ प्रतिशत रहेको छ।

१२. राजश्व संकलन तर्फ चालु आर्थिक वर्षको ११(एघार) महिनामा रु. २८ करोड ८ लाख १७ हजार १ सय ९३ संकलन भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधीमा रु. २० करोड ४ लाख ९९ हजार ५ सय ५६ संकलन भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको सोही अवधीमा राजश्व संकलन ४० प्रतिशतले बृद्धी रहेको छ।

१३. क्षेत्रगत रुपमा हेर्दा आर्थिक विकास अन्तरगत कृषि विकास तर्फ ७५.०८ प्रतिशत, पशु सेवा तर्फ ४२.६१ प्रतिशत, पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ ८०.५४ प्रतिशत, उपभोक्ता हित संरक्षण तर्फ ४५.१६ प्रतिशत, सहकारी तथा रोजगार प्रवर्द्धन तर्फ ४४.३५ प्रतिशत खर्च रहेको छ। समग्रमा आर्थिक विकास तर्फ चालु आ.व.को ११ महिनामा कुल बिनियोजित बजेटको ४८.७३ प्रतिशत खर्च भएको छ।

१४. सामाजिक विकास अन्तरगत शिक्षा, युवा तथा खेलकुद तर्फ ५७.७७ प्रतिशत, जनस्वास्थ्य प्रवर्द्धन तर्फ ४१.३८ प्रतिशत, महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फ ८२.८६ प्रतिशत खर्च भएको छ।

१५. पूर्वाधार विकास अन्तरगत सहरी, विकास तथा पूर्वाधार तर्फ चालु आ.व.को ११ महिनामा कुल बिनियोजित बजेटको ४३.०८ प्रतिशत खर्च भएको छ।

१६. सरसफाई, बन, वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत सरसफाई व्यवस्थापन तर्फ ३५.३५ प्रतिशत र बन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४८.८९ प्रतिशत खर्च भएको छ।

१७. सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास अन्तरगत सामान्य व्यवस्थापन तर्फ ११.८७ प्रतिशत,कानूनि मामिला तर्फ ७५.५३ प्रतिशत, सूचना तथा संचार प्रविधि तर्फ ६१.९ प्रतिशत,सामाजिक सुरक्षा तथा पंजिकरण तर्फ ६५.११ प्रतिशत खर्च भएको छ।

**नगरसभाका अध्यक्षमहोदय,**

अब म आगामी आर्थिक वर्ष २०७  ९।०८० को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्षको वार्षिक योजना , बजेट तथा बजेट तर्जुमाका आधारहरु र वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८. बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, घोराही उपमहानगरपालिकाको एकिकृत शहरी विकास योजना, अन्त सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन २०७४, नेपाल सरकारको १५औं योजना मार्गदर्शन, स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, संघ र प्रदेश सरकारबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु, संघ र प्रदेश सरकारबाट तर्जुमा भएका बजेट, कार्यक्रम तथा प्राथमिकताहरु, संघ र प्रदेश सरकारबाट अबलम्बन गरिएका आर्थिक तथा सामाजिक नीतिहरु, नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरुलाई मुख्य आधारका रुपमा लिएको छु। नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाई, जनप्रतिनिधि, नागरिक समाज, निजी व्यवसायिक संघ संस्था, बुद्धिजीवी, पेशाविद, संचारजगत लगायत सबैबाट प्राप्त सुझावलाई उच्च महत्व दिएको छु।

१९. सामुदायिक विद्यालयहरुको विद्यमान भौतिक संरचनामा सुधार गरी क्रमश न्यूनतमन पूर्वाधारयुक्त विद्यालय बनाउने, कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न कृषिमा व्यवसायिकरण एवं यान्त्रीकरण मार्फत कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउने , नगरवासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, स्तरोन्नती एवं औषधीको नियमित आपूर्तिको व्यवस्था मिलाई

आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउने, गरिब घरपरिवारको सूचिमा रहेका नागरिक एवं बेरोजगार युवायुवतीलाई कृषि एवं गैर कृषि क्षेत्रमा व्यवसायिक तालिम प्रदान गरी रोजगार/स्वरोगार बनाउने, एकिकृत शहरी विकासको ढाँचा अनुरुप सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास गर्ने, उपलब्ध स्रोत साधनको उपयुक्त क्षेत्रमा लगानी प्रवाहित गरी आर्थिक उन्नयन एवं सामाजिक विकासका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने, सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धी र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउने, नागरिकमैत्री सेवाको अवधारणा अनुरुप सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता एवं विकासमा जनसहभागिता मार्फत सुशासन प्रवर्द्धन गर्ने उद्देश्य परिपूर्ति गर्न मैले मुलतः आर्थिक, सामाजिक विकास तथा गरिबी न्यूनिकरणमा योगदान पुर्याउने, स्थानीय सहभागिता जुट्ने, स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, वातावरण संरक्षण, सबै क्षेत्रको दिगो एवं सन्तुलित विकासमा टेवा पुर्याउने, महिला बालबालिका, पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धि गर्ने, भाषा, साहित्य, कला, संस्कृतीको जगेर्ना गर्ने तथा सामाजिक सदभाव एवं एकता अभिवृद्धिमा सघाउ पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने र उपमहानगरको आफ्नै विशिष्ट सम्भाव्यता एवं आवश्यकता बमोजिमका आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरेको छु।

**नगरसभाका अध्यक्षमहोदय,**

अब म आगामी आर्थिक वर्ष २०७ ९/०८० को लागि क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। क्षेत्रगत बजेट निम्नानुसार बिनियोजन गरिएको छ।

**सामजिक विकास अन्तरगत**

२०. **"आजका बालबालिका : भोलीका भविश्य"** हुन। बालाबलिकाको चौतर्फी विकासको लागि विद्यालयको भौतिक संरचना बालबालिकामैत्री हुन जरुरी छ। सामुदायिक विद्यालयको विद्यमान पूर्वाधारको अवस्था कमजोर रहेकोले यसमा समायानुकुल सुदृढीकरण एवं स्तरोन्नती गर्दै न्यूनतम पूर्वाधारयुक्त विद्यालय बनाउन विद्यार्थी संख्या र भूगोललाई आधार मानी विद्यालय भौतिक सुधार तर्फ रु. ६ करोड ४९ लाख बिनियोजन गरेको छु।

२१. उपमहानगरपालिकाको पूर्ण स्वामित्व  वा अभिभावकहरुको समेत साझेदारी (पि.पि.पि. मोडेल) मा आगामी शैक्षिक सत्र देखि संचालन गर्ने लक्ष्य राखिएको घोराही उपमहानगरपालिका स्तरीय नमूना माध्यमिक विद्यालयको कानून निर्माण, एवं सञ्चालन व्यवस्थापनका लागि रु. २५ लाख बिनियोजन गरेको छु।

२२. मा.वि., नि.मा.वि., बालविकास अनुदान, बालविकास स.का. , विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी, सामुदायिक अध्ययन केन्द्रका परिचालिका, गृहिणी शिक्षक र आयाको तलबमा रु. ५ करोड ५५ लाख  ४६ हजार बिनियोजन गरेको छु।बादी समुदाय लगयत अति पिछडिएका बालबालिकाको छात्रबृत्तीका लागि रु ५ लाख बिनियोजन गरेको छु।

२३. खेलकुद कार्यक्रमका लागि रु १८ लाख, डाक्टर-ईन्जिनियर छात्रवृत्तीको लागि रु. १६ लाख, युवा लक्षित कार्यक्रम, लगायत शिक्षा संग सम्बन्धित अन्य कार्यक्रम समेत गरी शिक्षा, युवा तथा खेलकुदमा आन्तरिक तर्फ रु. १३ करोड ४७ लाख ८६ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ  रू ५५ करोड ४ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ८० लाख गरी जम्मा रु. ६९ करोड ३० लाख ८६ हजार बिनियोजन गरेको छु।

२४. वडा नं. १२ र १६मा नयाँ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणका लागि रु. १ करोड बिनियोजन गरेको छु। त्यस्तै एम्बुलेन्स तथा शव वाहन व्यवस्थापनमा रु. १५ लाख, निःशुल्क रक्तसंचारका लागि रु. १० लाख, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य जाँचका लागि रु. १५ लाख, खुल्ला व्ययामशाला निर्माणका लागि रु. १५ लाख, आँखाको निःशुल्क मोतियाबिन्दु शल्यक्रियाको लागि रु. १५ लाख, महामारीजन्य रोग नियन्त्रणका लागि रु. १० लाख लगायत स्वास्थ्यसंग सम्बन्धित अन्य विविध कार्यक्रम सहित जनस्वास्थ्य प्रवर्द्धनका लागि आन्तरिक तर्फ रू. ४ करोड १३ लाख, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ६ करोड ३ लाख समेत जम्मा रु. १० करोड १६ लाख बिनियोजन गरेको छु।

२५. लैङ्गिक समानता तथा सामजिक समावेशिकरण, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, मुस्लिम, मुक्त कमलरी, पिछडा वर्ग, लोपोन्मुख जाती, द्वन्द्व पिडित लगायत सबै क्षेत्र, वर्ग, समुदाय, समूहको उत्थान एवं समाजमा विद्यमान कुरिती, विसंगती बिरुद्ध सचेतना कार्यक्रम, बालमैत्री कार्यक्रम तथा संस्थागत अनुदान समेत महिला, बालाबलिका तथा समाज कल्याणका लागि आन्तरिक तर्फ रु. १ करोड २५ लाख ७० हजार र संघ

सरकारबाट प्राप्त अनुदान तर्फ रु. २० लाख समेत गरी जम्मा रु. १ करोड ४५ लाख ७० हजार बिनियोजन गरेको छ।

२६. पंजिकरण तथा सामजिक सुरक्षाका लागि आन्तरिक तर्फ रु. १० लाख र संघीय अनुदानबाट प्राप्त तर्फ रु. १३ लाख समेत जम्मा रू. २३ लाख बिनियोजन गरेको छ। त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रमका लागि आन्तरिक तर्फ रु. १० लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ६० लाख समेत जम्मा रू. ७० लाख बिनियोजन गरेको छ।

२७. शिक्षा, युवा तथा खेलकुद, जनस्वास्थ्य प्रवर्द्धन, महिला, बालबालिका तथा समाज कल्याण, सामाजिक सुरक्षा , पंजिकरण, सुरक्षित आप्रवासन गरी सामाजिक विकास तर्फ जम्मा रू. ८१ करोड ८५ लाख ५६ हजार बिनियोजन गरेको छ।

**आर्थिक विकास अन्तरगत**

२८. कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्दै कृषि पेशामा आश्रित कृषक/कृषक समूह/कृषि सहकारीलाई प्रोत्साहित गर्न भूमिको चक्लाबन्दी गरी सामूहिक खेती प्रणाली अपनाउने गाँउ/टोल/समूहलाई शत प्रतिशत अनुदानमा, व्यक्तिगत रुपमा कम्तिमा १ बिगाहा वा सो भन्दा भढी जमिनमा खेती गर्ने कृषक र समूहगत रुपमा कम्तिमा १० बिगाहा वा सो भन्दा बढी जमिनमा खेती गर्ने कृषक समूह/सहकारीलाई ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण, औजार उपकरण वितरण, मुल तथा उन्नत बिउँमा ८० प्रतिशत अनुदान, ८५ प्रतिशत अनुदानमा बेमौसमी तरकारी खेतीको लागि फलामस्ट्रक्चर, प्लास्टिक टनेल अनुदान, ५० प्रतिशत अनुदानमा बर्षे फलफूलका विरुवा बितरण लगायतका अनुदान कार्यक्रमका लागि रु. ९४ लाख ९० हजार बिनियोजन गरेको छ।

२९. व्यवसायिक रुपमा खेती गर्ने कृषक/कृषक समूहलाई नियमित प्राविधिक सेवा, अनुदान एवं व्यवस्थापकीय टेवाका लागि कृषि विकास कोष सहायता कार्यक्रम अन्तर्गत रु. १० लाख बिनियोजन गरेको छ। कृषी एप निर्माण, भूमि बैंक स्थापना सम्बन्धी कानून निर्माण, कृषक वर्गिकरण एवं परिचयपत्र वितरण, कृषि हाट बजार निर्माण, व्यवसायिक कागती खेती विस्तार, मकैबाली, धानबाली पकेट क्षेत्र बिस्तार, माहुरी प्रवर्द्धन कार्यक्रम, कृषी जैविक विविधता संरक्षण कार्यक्रम लगायत कृषि विकाससंग सम्बन्धित अन्य कार्यक्रम सहित आन्तरिक तर्फ जम्मा रू. १ करोड १२ लाख ४० हजार र संघ सरकारबाट प्राप्त अनुदान

तर्फ रु. ७१ लाख गरी जम्मा रु. १ करोड ८३ लाख ४० हजार  बिनियोजन गरेको छु।

३०. पशु सेवा तर्फ ५० प्रतिशत अनुदानमा मागमा आधारित कार्यक्रम, ५० प्रतिशत अनुदानमा वर्सिम घाँसको बिउँ बितरण कार्यक्रम, ५० प्रतिशत अनुदानमा माछाका भुरा बितरण कार्यक्रम, ५० प्रतिशत अनुदानमा बाख्रा तथा बंगुरको खोर सुधार, आकस्मिक रोग नियन्त्रण, आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण, खोप खरिद, पशु स्वास्थ्य शिविर, जै घाँसको बिउँ बितरण, दुग्ध ढुवानीमा जर्किन विस्थापन, सार्वजनिक गाई व्यवस्थापन, गोठ,भकारो सुधार कार्यक्रम समेत आन्तरिक तर्फ रु. ७७ लाख २० हजार र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ३१ लाख गरी जम्मा रु. १ करोड ८ लाख २० हजार बिनियोजन गरेको छु।

३१. पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ पर्यटन पूर्वाधार, थारु संग्रहालय प्रवर्द्धन, थारु समुदायको मटावा संस्कृती, मगर समुदायको भुमे नाच लगायत सबै समुदायका स्थानीय भाषा, कला, साहित्य, हस्तकला सम्बन्धी कार्यक्रम एवं अन्य कार्यक्रमको लागि आन्तरिक तर्फ  रु. २६ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २० लाख गरी जम्मा रु. ४६ लाख बिनियोजन गरेको छु।

३२. गरिब घरपरिवार पहिचान प्रारम्भिक सूचिमा रहेका लक्षित बर्गका लागि सीप, मुलक तालिम तथा प्रविधि हस्तानरण तर्फ रु. १५ लाख, साझा सुविधा केन्द्र निर्माणका लागि रु. १० लाख लगायत लघु उद्मम, साना व्यवसायी तथा बेरोजगार युवायुवतीको शिप विकास तथा उद्मम व्यवसाय प्रवर्द्धनका लागि आन्तरिक तर्फ रु. २८ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. २९ लाख गरी तर्फ जम्मा रु. ५७ लाख बिनियोजन गरेको छु।

३३. सहकारी तथा रोजगार प्रवर्द्धन तर्फ रु. १४ लाख ८० हजार , प्रधानमंत्री रोजगार कार्यक्रम तर्फ रु. ६९ लाख र उपभोक्ता हित संरक्षण तर्फ रु. १६ लाख ९० हजार बिनियोजन गरेको छु।

३४. आर्थिक विकास अन्तरगत कृषि विकास, पशु सेवा, पर्यटन तथा संस्कृती प्रवर्द्धन, सीप विकास तथा उद्यम प्रवर्द्धन, सहकारी तथा रोजगार प्रवर्द्धन, उपभोक्ता हित संरक्षण, प्रधानमन्त्री रोजगार कार्यक्रम गरी जम्मा रु. ४ करोड ९५ लाख ३० हजार बिनियोजन गरेको छु।

**पूर्वाधार विकास अन्तरगत**

३५. घोराही-१५ , घोराही चोकमा पैदल यात्रुहरुको बढ्दो चापलाई मध्यनजर गर्दै सहज आवागमन एवं ट्राफिक व्यवस्थापन सहजीकरणका लागि आकाशेपुल निर्माण गर्न रु. १ करोड बिनियोजन गरेको छु।

३६. नगर वडा साझेदारी कार्यक्रम अन्तर्गत संचालन हुने समपूरक आयोजनाको लागि रु. १ करोड ९० लाख बिनियोजन गरेको छु।

३७. घोराही बजारको खानेपानी समस्यालाई सम्बोधन गर्न घोराही खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत संचालन भई रहेको बबई लिफ्टिङ आयोजनाको लागि रु. १ करोड बिनियोजन गरेको छु।

३८. पिच सडकको नियमित मर्मत एवं दिगो व्यवस्थापनका लागि मर्मत संभार तर्फ रु. १ करोड बिनियोजन गरेको छु।

३९. सडक पिच, ग्राभेल तथा बाटो स्तरोन्नती, केन्द्र देखि वडा कार्यालय जोड्ने पिच सडक आयोजना, पुल, झोलुङ्गे पुल, कल्भर्ट, घोराही-१७ को क्रिकेट रङ्गशाला निरन्तरता, भवन निर्माण, सिंचाई तथा खानेपानी, विद्युत विस्तार , पार्क, उद्यान, कृत्रिम जलाशय संरक्षण, बबई कोरिडोर आयोजना संभाव्यता अध्ययन लगायत योजना, पूर्वाधार विकास तर्फका सबै प्रकृतीका आयोजना निर्माण सम्बन्धी कार्यका लागि आन्तरिक तर्फ रु. ६७ करोड २० लाख ५० हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ८ करोड ८८ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ ४ करोड ६० लाख गरी जम्मा रु. ७६ करोड ५४ लाख ५० हजार बिनियोजन गरेको छु।

**सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन अन्तरगत**

४०. पूर्ण सरसफाई अभियान, सार्वजनिक तथा घुम्ती शौचालयको निर्माण, सामुदायिक पशु चौपायाको व्यवस्थापन लगायत सरसफाई व्यवस्थापन अन्तरगत रु. ८७ लाख ६० हजार बिनियोजन गरेको छु।

४१. खरको छानो विस्थापन कार्यक्रमका लागि रु १ करोड , विपद् व्यवस्थापन कोषका लागि रु. १ करोड ५० लाख ,जोखिमयुक्त जलाशय तारबार तथा तटबन्धका लागि तारजालीका लागि रु. ९० लाख लगायत हरियाली प्रवर्द्धन, समृद्धिका लागि वन कार्यक्रम, नवीकरणीय उर्जा कार्यक्रम, विपद् खोज उद्धार तालिम, आपतकालिन कार्य संचालन केन्द्रको

सुदृढीकरण समेत बन, बातावरण तथा विपद् व्वयस्थापनका लागि आन्तरिक तर्फ  रु. ३ करोड ५९ लाख ५० हजार र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ४५ लाख गरी जम्मा रु. ४ करोड ४ लाख ५० हजार बिनियोजन गरेको छु।

४२. सरसफाई , बन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल जम्मा रू. ४ करोड ९२ लाख १० हजार बिनियोजन गरेको छु।

**सार्वजनिक सेवा, सुशासन,संस्थागत विकास तथा अन्य सम्बन्धित क्षेत्र अन्तर्गत**

४३. सार्वजनिक सेवामा सूचना प्रविधिको उच्चतम प्रयोग, स्थानीय पत्रकारहरुको क्षमता विकास कार्यक्रम, सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यक्रम, रेडियो, टेलिभिजन कार्यक्रम, पुस्तक ब्रोसर प्रकाशन, नगर प्रोफाइल अद्याबधिक तथा डिजिटाइजेसन, अनलाइन राजश्व प्रणालीको विकास, अनलाइन गुनासो व्यवस्थापन, विद्युतीय नागरिक वडापत्र स्थापना, प्रगती प्रतिवेदनको व्यवस्थापन सूचना प्रणाली लगायत सूचना तथा संचार प्रविधि संग सम्बन्धित कार्यक्रमका लागि रु. ९३ लाख बिनियोजन गरेको छु।

४४. सार्वजनिक खरिद सम्बन्धी नियमावली निर्माण, कर्मचारीको लागि क्षमता अभिवृद्धि तालिम, संस्थागत क्षमता विकास योजना, क्षेत्रगत योजना निर्माण , लगायत सामान्य व्यवस्थापनसंग सम्बन्धित विविध कार्यक्रमका लागि रु. ५४ लाख बिनियोजन गरेको छु।

४५. पिडित, असहाय, निःशुल्क कानूनी सहायता कोष, कानूनी साक्षरता कार्यक्रम, कानून निर्माण लगायत कार्यक्रमका लागि कानूनी ममिला तर्फ रु १६ लाख ७० हजार बिनियोजन गरेको छु।

४६. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीसंग सम्बन्धित कार्यक्रम संचालनार्थ भूमि व्यवस्था तर्फ रु. १० लाख बिनियोजन गरेको छु।राजश्व संकलन सुधार तथा व्यवस्थापनका लागि रु. १४ लाख बिनियोजन गरेको छु।

४७. सार्वजनिक सेवा, सुशासन, संस्थागत विकास तथा अन्य सम्बन्धित क्षेत्र  तर्फ जम्मा रू. १ करोड ८७ लाख ७० हजार बजेट बिनियोजन गरेको छु।

४८. संघ तथा प्रदेश सरकारको सहलगानीमा कार्यान्वयन गरिने समपुरक आयोजनाका लागि ४ करोड  बिनियोजन गरेको छु।

४९. वडा कार्यालय (१९ वटै वडा)को पूँजिगत खर्च तर्फ रु. ११ करोड १४ लाख बिनियोजन गरेको छु। वडा कार्यालय( १९ वटै वडा)को कार्यक्रम खर्च एवं कार्यालय सञ्चालन खर्व तर्फ रु. ७ करोड ६ लाख बिनियोजन गरेको छु।

५०. दैनिक कार्य संचालन, तलब भत्ता लगायत आन्तरिक व्यवस्थापन तर्फ रु. ३९ करोड ६ लाख ७५ हजार बिनियोजन गरेको छु।

**नगरसभाका अध्यक्षमहोदय,**

अब म माथीका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५१. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. २ अर्ब ३२ करोड ९० लाख ९१ हजार बिनियोजन गरेको छु।कुल बिनियोजित रकम मध्ये संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ७४ करोड २ लाख मध्ये रु. १० करोड ३० लाख अर्थात १३.९२ प्रतिशत पूँजिगत खर्च र रू. ६३ करोड ७२ लाख अर्थात ८६.०८ प्रतिशत चालु खर्च रहेको छ।त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ५ करोड ४० लाख अर्थात शत प्रतिशत पूँजिगत खर्च रहेको छ।संघ तथा प्रदेश सरकारबाट प्राप्त  वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाँड र रोयल्टी तथा उपमहानगरपालिककाको आन्तरिक आय (घर जग्गा रजिष्ट्रेशन, बैंक मौज्दात समेत)बाट  बिनियोजन गरिएको बजेट रु. १ अर्ब ५३ करोड ४८ लाख ९१ हजार मध्ये रु. ६१ करोड ६९ लाख ८१ हजार अर्थात ४०.२० प्रतिशत चालु खर्च र रू ९१ करोड ७९ लाख १० हजार अर्थात ५९.८० प्रतिशत पूँजिगत खर्च रहेको छ।

५२. कुल बजेट रू. २ अर्ब ३२ करोड ९० लाख ९१ हजार मध्ये रु. १ अर्ब २५ करोड ४१ लाख ८१ हजार अर्थात ५३.८५ प्रतिशत चालु खर्च र रू. १ अर्ब ७ करोड ४९ लाख १० हजार अर्थात ४६.१५ प्रतिशत पूँजिगत खर्च रहेको छ।

५३. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आय(घर जग्गा रजिष्ट्रेसन समेत)बाट रु. ३२ करोड, संघीय वित्तिय समानिकरण अनुदानबाट रू. ३५ करोड ९५ लाख, संघीय राजश्व बाँडफाँडबाट रू. २५ करोड ७६ लाख ५८ हजार, संघीय रोयल्टी बाँडफाँडबाट रू. ७ लाख, संघीय सशर्त अनुदानबाट रु. ७१ करोड २ लाख, संघीय समपुरक अनुदानबाट रु. १ करोड र संघीय बिशेष अनुदानबाट रु. २ करोड व्यहोरिने

छ। त्यस्तै प्रदेश समानिकरण अनुदानबाट रु. १ करोड ६७ लाख २५ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. ४ करोड ४४ लाख ५७ हजार, प्रदेश सशर्त अनुदानबाट रू. १ करोड ६० लाख , प्रदेश समपुरक अनुदानबाट रु. ३ करोड र प्रदेश बिशेष अनुदानबाट रु. ८० लाख व्यहोरिने छ ।यसबाट नपुग हुने रकम रु. ५३ करोड ५८ लाख ५१ हजार गत आर्थिक वर्षको बैंक बाँकीबाट व्यहोरिने छ।

५४. यस अतिरिक्त उपमहानगरपालिकालाई संघ तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरिबसंग बिश्वेश्वर कार्यक्रम, लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रक्षेपणमा समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

**नगरसभाका अध्यक्ष ज्यू**

५५. आर्थिक वर्ष २०७ ९/०८० को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको बिनियोजन बिधेयक २०७ ९ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ बिधेयक २०७९ सम्मानित सभा समक्ष पेश गरेको छु।

५६. प्रस्तुत बजेटको कार्यान्वयनबाट सामुदायिक विद्यालयका भौतिक अवस्थामा क्रमशः सुधार हुदै जाने, कृषि पेशालाई सम्मानित पेशाका रुपमा स्थापित गर्न बल पुग्ने, नगरवासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने, गरिब घर परिवार एवं बेरोजगार युवा युवतीको आयआर्जन गर्ने क्षमता बृद्धी हुने, नगरमा उपलब्ध स्रोत साधनको अत्यूत्तम उपयोगबाट सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास भई आर्थिक उन्नतीमा टेवा पुग्ने, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि हुने र बञ्चितिमा परेका वर्ग, क्षेत्र, समुदाय, समूहहरुको विकासमा मूल प्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने बिश्वास लिएको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

५७. आगामी आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तुत आय-व्यय प्रस्ताव उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। बजेट कार्यान्यनमा संघ तथा प्रदेश सरकार, नगरवासी, आमाबुबा, दिदीबहिनी, दाजुभाई, व्यवसायिक संघ संस्था, राजनीतिक दल, नागरिक समाज,संचार जगत लगायत सबै तह र तप्काबाट साथ,सहयोग र सहकार्य पुग्ने बिश्वास लिएको छु।

५८. अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्गनिर्देश गर्नु हुने नगर प्रमुख ज्यू, विषयगत समितिका संयोजक एवं सदस्य ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यापालिका सदस्य ज्यूहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवि, संचार जगत लगायत सम्पूर्ण नगरवासीहरुमा धन्यबाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु।

धन्यबाद!

इति सम्वत् २०७९ साल आषाढ १० गते रोज ६ शुभम् ।